# शिशुको स्वास्थ्य जाँच कार्यक्रम



**शिशुको स्वास्थ्य जाँच वयस्कको स्वास्थ्य जाँच भन्दा फरक हुन्छ र स्याहारकर्ताको भूमिका विशेष गरी महत्त्वपूर्ण हुन्छ!**

राष्ट्रिय स्वास्थ्य बिमा सेवाले 14 दिनदेखि 71 महिनासम्मका शिशु तथा कलिला बच्चाहरूका लागि उमेर सुहाउँदो स्वास्थ्य जाँच (शारीरिक मापन, स्वास्थ्य शिक्षा, विकासात्मक मूल्याङ्कन र परामर्श लगायत) सेवा प्रदान गर्दछ। यी जाँचहरू मार्फत बालबालिकाको स्वास्थ्यको सुरक्षामा मद्दत गर्न वृद्धि र विकासका कोसेढुङ्गाहरूको निरन्तर निगरानी गरिन्छ।

## संक्षिप्त विवरण

- **योग्यता:** 6 वर्ष मुनिका शिशु तथा साना बालबालिका (स्वास्थ्य बिमा ग्राहक र मेडिकल सहायताका लाभग्राहीहरू)
- **लक्ष्य:** शिशु तथा कलिला बच्चाहरूको वृद्धि र विकासका कोसेढुङ्गाहरूको निगरानी गर्ने
- **प्रकार:** शिशुको सामान्य स्वास्थ्य जाँच (विकासात्मक स्क्रिनिङ सहित) र दन्त जाँचहरू
- **आफ्नो तर्फबाट गर्नुपर्ने खर्च:** तोकिएको अवधिभित्र जाँच गरिएमा नि:शुल्क

* शिशु तथा कलिला बच्चाहरूको स्वास्थ्य जाँचका नतिजासम्बन्धी सूचनाहरू दिवा स्याहार केन्द्र र किन्डरगार्टनहरूमा पेस गर्न प्रयोग गर्न सकिने छ।

## जाँचको पटक

| पटक | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौँ | छैठौँ | सातौँ | आठौँ |
|---|---|---|---|---|---|---|---|---|
| स्वास्थ्य जाँच | जन्मेको 14 देखि 35 दिनसम्म | 4 देखि 6 महिना | 9 देखि 12 महिना | 18 देखि 24 महिना | 30 देखि 36 महिना | 42 देखि 48 महिना | 54 देखि 60 महिना | 66 देखि 71 महिना |
| दाँतको परीक्षण | - | - | - | 18 देखि 29 महिना | 30 देखि 41 महिना | 42 देखि 53 महिना | 54 देखि 65 महिना | - |

## लक्षित अवस्थाहरू

| | जाँचका क्षेत्रहरू* | जाँच विधि |
|---|---|---|
| वृद्धिसम्बन्धी विकारहरू | विकासात्मक ढिलाइ, अधिक तौल, मोटोपना, माइक्रोसेफली (असामान्य रूपमा टाउको सानो हुने) र म्याक्रोसेफली (असामान्य रूपमा टाउको ठूलो हुने) | शारीरिक मापनहरू: उचाई, तौल र टाउकोको आकार |
| विकासात्मक असामान्य अवस्था | बौद्धिक अशक्तता, अटिजम स्पेक्ट्रम विकार, मस्तिष्क पक्षाघात, भाषिक विकार र व्यवहारजन्य विकारहरू | विकासात्मक परीक्षण |
| दुर्घटनाहरू | ट्राफिक दुर्घटना, निद्रामा अचानक मृत्यु हुने, घरेलु दुर्घटना, डुब्ने र विषाक्तता | सुरक्षासम्बन्धी शिक्षा र निद्रासम्बन्धी शिक्षा |
| पोषण | कुपोषण र अत्यधिक पोषण | पोषणसम्बन्धी शिक्षा |
| श्रवणसम्बन्धी असामान्य अवस्था | श्रवणशक्तिमा कमजोरी | श्रवण परीक्षण प्रश्नावली |
| दृष्टिमा कमजोरी | जन्मजात मोतियाबिन्दु, एम्ब्लियोपिया (लेजी आइ), स्ट्र्याबिस्मस (छड्के हेर्ने), मायोपिया (नजिकको मात्र देख्ने) र दृष्टिवैषम्य | दृश्य कार्यक्षमतासम्बन्धी प्रश्नावली र दृश्यात्मक र दृष्टि परीक्षण |
| दन्त विकारहरू | दाँत किराले खाएको, गिजा सुन्निने र दाँतका असामान्य अवस्थाहरू | दन्त परीक्षण र मौखिक स्वास्थ्य शिक्षा |

*जाँचका क्षेत्रहरू: स्वास्थ्य जाँच मार्फत रोक्न सकिने रोगहरूलाई जनाउँछ।

## जाँच प्रक्रियाहरू

### 1 स्वास्थ्य जाँच गर्ने संस्था खोज्ने

स्वास्थ्य जाँच गर्ने संस्थाको आधारमा अपोइन्टमेन्टको चाँडै पूरा हुन सक्ने हुनाले कृपया पहिले नै अपोइन्टमेन्ट लिनुहोस् र उपलब्ध अवधिभित्र जाँच गराउनुहोस्।

- वेबसाइट (www.nhis.or.kr) → स्वास्थ्य MOA → स्वास्थ्य जाँच गर्ने संस्था/अस्पताल खोज्नुहोस्
- मोबाइल एप (स्वास्थ्य बिमा) → स्वास्थ्य MOA → स्वास्थ्य जाँच गर्ने संस्था/अस्पताल (क्लिनिक) खोज्नुहोस्

### 2 आवेदन

कृपया स्याहारकर्ताको परिचयपत्र वा स्वास्थ्य बिमा कार्ड लिएर आउनुहोस्।

### 3 प्रश्नावली/विकासात्मक स्क्रिनिङ परीक्षण फाराम भर्नुहोस्

जाँच गराउने दिन पहिले नै वेबसाइट/मोबाइल एप मार्फत वा स्वास्थ्य जाँच गर्ने संस्थामा गई प्रश्नावली/विकासात्मक स्क्रिनिङ परीक्षण फाराम भर्नुहोस्।

- **पहिले नै प्रश्नावली/विकासात्मक स्क्रिनिङ परीक्षण फाराम भर्ने तरिका**
  - NHIS वेबसाइट (www.nhis.or.kr) → स्वास्थ्य MOA → परिवार स्वास्थ्य व्यवस्थापन → प्रमाणपत्र प्रयोग गरी लगइन गर्नुहोस् → *प्रश्नावली/विकासात्मक स्क्रिनिङ परीक्षण फाराम पूरा गर्नुहोस्*
  - मोबाइल एप (स्वास्थ्य बिमा) → स्वास्थ्य MOA → बाल स्वास्थ्य जाँच(चेकअप) → प्रमाणपत्र प्रयोग गरी लगइन गर्नुहोस् → *प्रश्नावली/विकासात्मक स्क्रिनिङ परीक्षण फाराम पूरा गर्नुहोस्*

  * यो सेवा शिशु/कलिला बच्चा र स्याहारकर्ता (कानुनी प्रतिनिधि) बीचको सम्बन्ध प्रमाणित गर्न सकेमा मात्र उपलब्ध हुन्छ।

**<बहुसांस्कृतिक परिवारहरूका लागि बहुभाषी प्रश्नावली र विकासात्मक स्क्रिनिङ फाराम गाइड>**
वेबसाइट (www.nhis.or.kr) → निजामती सेवा → निजामती सेवासम्बन्धी गाइड → *मेनुबाट फारामहरू डाउनलोड गर्नुहोस्, भर्नुहोस् र स्वास्थ्य जाँच गर्ने संस्थामा बुझाउनुहोस्।*

### 4 स्वास्थ्य जाँच

शिशु तथा कलिला बच्चाहरूको स्वास्थ्य जाँच तपाईंको बच्चाको उमेर (महिनामा) अनुसार हुने छ।

### 5 स्वास्थ्य जाँचको नतिजासम्बन्धी सूचना प्राप्त गर्नुहोस्

जाँच गराइसकेपछि, स्वास्थ्य जाँच गर्ने संस्थाले तपाईंलाई नतिजासम्बन्धी सूचना पठाउने छ।

## शिशु तथा साना बालबालिकाको गहन विकासात्मक मूल्याङ्कनका लागि आर्थिक सहायता

- प्रान्तीय तथा स्थानीय सरकारहरूले शिशु र साना बालबालिकाहरूको विकासात्मक स्क्रिनिस्क्रङको नतिजाका आधारमा "गहन मूल्याङ्कन" का लागि सिफारिस गरिएका बच्चाहरूको गहन विकासात्मक मूल्याङ्कनका लागि आर्थिक सहयोग प्रदान गर्दछन्।

  * योग्यता र सहयोग रकमको बारेमा विस्तृत विवरणको लागि, आफू नजिकको सार्वजनिक स्वास्थ्य केन्द्रमा सोधपुछ गर्नुहोस्।

- **स्वास्थ्य जाँच गर्ने अस्पताल/क्लिनिक खोज्नुहोस्**
  - वेबसाइट (www.nhis.or.kr) → स्वास्थ्य MOA → स्वास्थ्य जाँच गर्ने संस्था/अस्पताल खोज्नुहोस् → अस्पताल/क्लिनिकको विवरण → शिशु तथा कलिला बच्चाहरूको गहन विकासात्मक मूल्याङ्कनका लागि चिकित्सा संस्था खोज्नुहोस्

## सोधपुछ

- **कार्यक्रमको बारेमा सोधपुछ (राष्ट्रिय स्वास्थ्य बिमा सेवा)**
  - 1577-1000 (अन्य भाषाहरूमा परामर्शका लागि सर्टकट नम्बर 6)
  - 033-811-2000 (परामर्श English, 中國語, tiếng Việt, O'zbekcha मा उपलब्ध छ)
- **बहुसांस्कृतिक परिवारहरूका लागि दोभासे र अनुवाद सेवाहरू (कोरियाली स्वस्थ परिवार संस्थान)**
  - 1577-1366 (Danuri कल सेन्टर)